☎:०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७/प्रशासन
च.नं. ६११

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

२०७६/०६/१० गते

विषयः बेरोजगार व्यक्तिहरूको बारे सूचना प्रकाशित गरिदिने सम्बन्धमा।

श्री वडा कार्यालयहरू (सबै)
ति. न. पा., रूपन्देही।

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिको रूपमा सूचीकृत भइ न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक उमेद्वारहरूको लगत संकलन गर्ने कार्य अनुसूची १ को फारम बमोजिम गत आ. व. २०७५/०७६ चैत्र र बैशाखमा भएको कुरा यहाँहरूलाई अवगत नै छ। फारमहरू भर्ने क्रममा कतिपय बेरोजगार व्यक्तिहरूले आफू र आफ्नो पारिवारिक विवरण पुर्ण रूपमा नभरेको र सो अपूर्ण फारमहरू EMIS मा Entry नहुदा बेरोजगार व्यक्तिहरू रोजगार सम्बन्धि सेवाहरूबाट बन्चित हुने भएकाले फारम पूर्ण रूपमा भर्नुहुन भनि यसै पत्रसाथ संलग्न सूचना बेरोजगार व्यक्तिहरू समक्ष पुर्याउनको लागि त्यस कार्यालयबाट प्रकाशन तथा प्रचार प्रसार गरिदिनुहुन हनुरोध छ। सूचना तथा सूचीकृत बेरोजगार व्यक्तिहरूको नामलिस्ट यसै पत्रसाथ संलग्न छ।

.......................
देवेन्द्र ज्ञवाली
रोजगार संयोजक

देवेन्द्र ज्ञवाली
रोजगार संयोजक

☎:०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल


प.सं. ०७६/०७७/प्रशासन
च.नं.

मिति २०७६/०६/१० गते

## सूचीकृत बेरोजगार व्यक्तिहरूले अपूर्ण विवरण पूर्ण गर्नुपर्ने सम्बन्धी सूचना !

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिको रूपमा सूचीकृत भई न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक उमेद्वारहरूको लगत संकलन गर्ने कार्य अनुसूची १ को फारम बमोजिम गत आ. व. २०७५/०७६ चैत्र र बैशाखमा भएको कुरा यहाँहरूलाई अवगत नै छ।
रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिहरूको सम्पूर्ण विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (**EMIS**) मा अद्यावधिक गर्नुपर्ने भएको तर लगत संकलन गर्ने क्रममा अनुसूची १ को फारम मा भएको सम्पूर्ण विवरण कतिपय बेरोजगार व्यक्तिहरूले नभरेको पाइएकाले यो सूचना प्रकाशन भएको मितिदेखि २०७६/०७/०८ गते सम्म फारम अपूर्ण भर्नुहुने सूचीकृत बेरोजगार व्यक्तिहरूले रोजगार सेवा केन्द्रमा आइ आफू र आफ्नो परिवारको सम्पूर्ण विवरण अनिवार्य रूपमा फारममा भर्नुहुन अनुरोध छ। निवेदकहरूको सम्पूर्ण विवरणहरू EMIS मा Entry नहुँदा निवेदकहरू न्यूनतम रोजगारी, रोजगार सम्बन्धि अन्य सेवा तथा बेरोजगार भत्ता लगायतका कुराहरूबाट बञ्चित हुन सक्ने व्यहोरा पनि सम्बन्धित सबैमा जानकारिका लागि अनुरोध छ। निवेदक व्यक्ति बेरोजगार सूचीमा सूचीकृत भए-नभएको, फारम पूर्ण-अपूर्ण के छ सो सम्बन्धी विवरणहरू सम्बन्धित वडा कार्यालयमा प्राप्त सूचीकृत बेरोजगारहरूको नामलिस्टमा उल्लेख छ।

.....................

देवेन्द्र ज्ञवाली
रोजगार संयोजक

देवेन्द्र ज्ञवाली
रोजगार संयोजक